धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

# प्रत्यूष
National Daily
राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन ।
९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २३, अङ्क ५८ ◆ २०८३ भदौ २९ सोमबार ◆ Monday, September 14, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४ ◆ मूल्य रु. ५/-

## चार हजार ८९ अझै बेपत्ता

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौँ । भोटेकोशी बाढीमा परी मृत्यु भएकामध्ये हालसम्म एक हजार ३९२ जनाको शव फेलापरेको छ । बाढीमा परी अझै चार हजार ८९ जना सम्पर्कविहीन छन् ।

प्रहरी प्रधान कार्यालय नक्सालले सार्वजनिक गरेको पछिल्लो विवरणअनुसार फेलापरेका शवमध्ये ५४२ पुरुष, ३३६ महिला तथा ५१४ वटा शव आंशिक अङ्गसहितका छन् । भेटिएका शवमध्ये हालसम्म १०३ शव आफन्तलाई हस्तान्तरण गरिएको प्रहरीले जनाएको छ ।

नेपाल प्रहरीका प्रवक्ता अविनारायण काफ्लेका अनुसार अझै सम्पर्कविहीन रहेकामध्ये स्वदेशीतर्फ दुई हजार ९०७ पुरुष र ५७२ महिला रहेका छन् । यस्तै, विदेशी नागरिकतर्फ २७२ पुरुष, ३२८ महिला सम्पर्कविहीन रहेको प्रहरीले जनाएको छ । बाढीपछि हालसम्म नौ हजार २८७ जना घाइतेको उद्धार गरिएको छ । जसमा पुरुष छ हजार ४०७, महिला दुई हजार ८३० र पहिचान नखुलेका ५० जना रहेका प्रहरी प्रधान कार्यालयले जनाएको छ ।

उद्धार गरिएकामध्ये दुई हजार ७८१ जनालाई सुरक्षित रूपमा होल्डिङ सेन्टरमा राखिएको प्रवक्ता काफ्लेले जानकारी दिनुभयो । बेपत्ता व्यक्तिको पहिचान तथा फेलापरेका शवको सनाखत गर्न डिएनए परीक्षणलाई प्राथमिकता दिइएको छ ।

भोटेकोशी बाढीपछि ठूलो मानवीय क्षति भएको छ । बेपत्ताको खोजी, उद्धार, शवको पहिचान तथा व्यवस्थापनका लागि नेपाल प्रहरीसहित नेपाली सेना, सशस्त्र प्रहरी बल र सम्बन्धित सरकारी निकाय प्रभावित क्षेत्रमा परिचालित छन् ।

## भोटेकोशी बाढीपीडितलाई रु सात लाख १५ हजार सहयोग

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौँ । भोटेकोशी बाढीबाट प्रभावित नागरिकको उद्धार, राहत र पुनःस्थापनाका लागि भारतको सिक्किमबाट सहयोग प्राप्त भएको छ ।

सिक्किममा सङ्कलन गरिएको रु सात लाख १५ हजार १०४ बराबरको राहत रकम आइतबार ठमेल पर्यटन विकास परिषद्लाई हस्तान्तरण गरिएको हो । सिक्किम स्थित अर्गनाइजेसन अफ म्युजिसियन्स एन्ड आर्टिस्ट्स अफ सिक्किम (ओएमएएस) तथा डर्टी एन्जल्स मोटरसाइकल क्लब (डीएएमसी), गान्तोकको समन्वयमा सङ्कलन गरिएको रकम आज परिषद्का अध्यक्ष राजुमान डङ्गोललाई हस्तान्तरण गरिएको हो ।

उक्त रकम सिक्किमका मुख्यमन्त्रीका अतिरिक्त राजनीतिक सचिव छेरिङ वाङचुक लेप्चा, सिक्किम सरकारको श्रम विभागका तथ्याङ्क अधिकृत पेम्बा चोपेल भुटिया, डीएएमसीका संस्थापक सदस्य केशाङ नोर्गे शेर्पा, उत्तर सिक्किमको काबी-हिङ्दा निर्वाचन क्षेत्रका एसकेएम पार्टीका युवा संयोजक छेवाङ भुटिया र नेपाल-भारत वाणिज्य तथा उद्योग सङ्घका महासचिव राजन शर्माले सो क्रममा हस्तान्तरण गर्नुभयो ।

ठमेल पर्यटन विकास परिषद्का महासचिव पशुपति कँडेलले विपद्को समयमा मानवीय संवेदनालाई आत्मसात् गर्दै सिक्किममा राहत संकलन अभियान सञ्चालन गरी सहयोग गरेकोमा धन्यवाद दिनुभयो ।

परिषद्का अनुसार राहत सङ्कलन अभियानलाई सिक्किममा समन्वय तथा सहजीकरण गरी सफल बनाउन महत्वपूर्ण भूमिका निर्वाह गर्नुभएकी परिषद्की कोषाध्यक्ष किन्चु लामु भुटिया श्रेष्ठलाई समेत धन्यवाद तथा प्रशंसा व्यक्त गरिएको छ । उक्त राहत रकममा परिषद्बाट रकम थप गरी प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरिनेछ ।

लुम्बिनी प्रेस क्लब बाढी प्रभावित पत्रकारलाई सहयोग

रुपन्देही: लुम्बिनी प्रेस क्लब, रुपन्देहीले रसुवाको भोटेकोशी बाढीबाट प्रभावित पत्रकारका लागि रु एक लाख एक हजार १११ बराबरको आर्थिक सहयोग गरेको छ । बाढीमा परी ज्यान गुमाएकाको चिरशान्तिको कामना गर्दै क्लबले भैरहवास्थित बुद्धचोकमा दीप प्रज्ज्वलन कार्यक्रम आयोजना गरी सहयोग रकम हस्तान्तरण गरेको हो । क्लबका संस्थापक अध्यक्ष माधव ढुङ्गानाले बाढीका कारण केही पत्रकार अझै बेपत्ता रहेको बताउनुभयो । बाढीबाट सञ्चारकर्मीको घर, सम्पत्ति तथा सञ्चार सामग्रीमा क्षति पुगेको छ । क्लबका कोषाध्यक्ष विष्णुप्रसाद भट्टराईका अनुसार नेपाल पत्रकार महासंघ केन्द्रीय समितिमार्फत सहयोग रकम उपलब्ध गराइएको हो । उक्त रकम महासंघका केन्द्रीय सदस्य रामराज पोखेललाई हस्तान्तरण गरिएको थियो ।

त्यसैगरी भोटेकोशी नदीमा आएको विनाशकारी बाढीबाट प्रभावित नागरिकको राहत तथा पुनःस्थापनाका लागि बुटवल हस्पिटल प्रालिले रु सात लाख ७७ हजार ७७७ आर्थिक सहयोग गरेको छ । अस्पतालले उक्त रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरेको हो । अस्पतालका अध्यक्ष चुन्नप्रसाद शर्मा पौडेल र सञ्चालक एवम् जनप्रतिनिधि नरिश्वर शर्माले अर्थमन्त्री डा स्वर्णिम वाग्लेलाई उक्त रकम बराबरको चेक हस्तान्तरण गर्नुभयो ।

अस्पतालले बाढी तथा पहिरोमा परी ज्यान गुमाएका नागरिकका परिवारप्रति श्रद्धाञ्जली व्यक्त गर्दै घाइते तथा प्रभावित नागरिकको शीघ्र स्वास्थ्यलाभको कामना गरेको छ ।

## जनताको विश्वास जित्नेगरी काम गर्नुपर्छ

भक्तपुर । नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँले जनप्रतिनिधिले सधैँ जनताको विश्वास जित्नेगरी काम गर्नुपर्ने बताउनुभएको छ ।

कानुन अध्ययन समाज नेपालद्वारा आइतबार आयोजित 'भदौ ९, २०४५, भक्तपुर काण्ड पञ्चायती राज्यस्तरको षड्यन्त्रविरुद्ध कानुन व्यवसायीको भूमिका विषयक अन्तर्क्रिया तथा सम्मान कार्यक्रम'मा बोल्दै उहाँले जनतालाई विश्वासमा लिएर आफ्ना गतिविधि अगाडि बढाउनुपर्ने बताउनुभएको हो । उहाँले भन्नुभयो, "भक्तपुर नगरपालिका किन काम हुनसक्यो, यसको रहस्य के हो भनेर आम रूपमा जिज्ञासा राख्ने गरेका छन् ।" सङ्कटको बेला नेपाली जनतासँग नै सहयोग लिनु राजनीतिक दृष्टिले सही हुने उहाँले बताउनुभयो ।

अध्यक्ष बिजुक्छेँले भक्तपुर काण्डको समयमा देशका धेरै वकिल, पत्रकार र बुद्धिजीवीहरूले नेमकिपालाई कानुनी प्रतिवाद गर्न र अन्य कार्यमा ठूलो सहयोग गरेको स्मरण गर्नुभयो ।

कार्यक्रममा अध्यक्ष बिजुक्छेँले वरिष्ठ अधिवक्ता कृष्णप्रसाद भण्डारीलाई सम्मान गर्नुभएको थियो ।

## वर्षात्ले जम्मा गरेको माटोले नागेश्वर मन्दिर प्रवेशमा समस्या

काठमाडौँ । राजधानीको पुरानो सिनामङ्गल नाकटीस्थित प्राचीन एवं ऐतिहासिक नागेश्वर महादेव मन्दिर अघि वर्षात्को बाढीले ल्याएको माटोले मन्दिर प्रवेशमा असहजता भएको छ ।

मन्दिरको मूल ढोकाअघिको प्रवेश मार्गमा बर्सात्को पानीले तीन फिट बराबर हिलो माटो र कङ्क्रिट जम्मा भएको नागेश्वर तथा वाणेश्वर मन्दिर व्यवस्थापन एवं संरक्षण समितिका अध्यक्ष प्रकाश रायमाझीले राससलाई जानकारी दिनुभयो । मन्दिरअघि जमेको माटोले नागेश्वरका नित्य दर्शनार्थीलाई मन्दिर प्रवेश गर्न एक हप्तादेखि नै असहज भएको उहाँले बताउनुभयो । मन्दिर परिसरभित्र पनि पानी र हिलोले गर्दा बगैँचाका फूल एवं रुख, बिरुवालाई पनि असर गरेको छ । सरसफाइ एवं बाटोको अवरोध हटाउन काठमाडौँ महानगरपालिका वडा नं ३२ सँग अनुरोध गरिएको समितिले जनाएको छ ।

नेपाली नारीको महत्वपूर्ण पर्व तीजमा हजारौँ दर्शनार्थी मन्दिरमा पूजा, आराधना एवं दर्शनका लागि आउने गर्छन् । तीजको अघिल्लो दिनसम्म पनि मन्दिरको मूल ढोकाअघिको माटो नपन्छाउँदा प्रवेशमा समस्या भएको मन्दिरका पुजारी जगन्नाथ खनालले सो क्रममा बताउनुभयो ।



प्राचीन सम्पदा संरक्षणमा सम्बन्धित निकाय र स्थानीय सरकारले ध्यान नदिँदा समस्या भएको स्थानीयवासीको गुनासो छ । पशुपति क्षेत्रस्थित गौचरणमा पर्ने नागेश्वर मन्दिर विमानस्थल विस्तार गर्ने क्रममा २०६८ सालमा मन्त्रिपरिषद्को निर्णय अनुसार यहाँको सार्वजनिक जग्गामा स्थानान्तरण गरिएको थियो ।

## मोटरसाइकल चोरी गर्ने दुई जना पक्राउ

काठमाडौँ । प्रहरीले मोटर साइकल चोरी गरेको अभियोग मा दुई जनालाई पक्राउ गरेको छ ।

प्रहरी वृत्त स्वयम्भूको टोलीले काठमाडौँ महानगरपालिका-१५, स्वयम्भू भगवानपाउँबाट यही भदौ ९ गते चोरी भएको मोटर साइकल खोजतलास गर्ने क्रममा उनीहरूलाई पक्राउ गरेको जिल्ला प्रहरी परिसर काठमाडौँका प्रवक्ता एवं प्रहरी उपरीक्षक दानबहादुर थापाले जानकारी दिनुभयो ।

पक्राउ पर्नेमा धादिङका उनबहादुर स्याङ्तान र मकवानपुरका दिपेश मोक्तान रहेका छन् । प्रहरीका अनुसार उनीहरूको साथबाट स्वयम्भू बुद्धपार्कबाट चोरी भएको दुईवटा मोटरसाइकल, टी आकारको मास्टर चाबी एक थान तथा मोबाइल फोन दुई थान बरामद गरिएको छ ।

पक्राउ परेका दुवै जनाविरुद्ध चोरीसम्बन्धी कसुरमा अनुसन्धान भइरहेको प्रवक्ता थापाले सो क्रममा बताउनुभयो ।

## बाणगङ्गा नदीमा बेपत्ता बालकको शव फेला

कपिलवस्तु । बाणगङ्गा नदीमा आएको बाढीमा परी शनिबारदेखि बेपत्ता भएका बाणगङ्गा नगरपालिका-८ का १० वर्षीय बुद्ध लामाको शव भारतमा फेला परेको छ ।

शनिबार बाढीपछि बेपत्ता भएका लामाको शव आज नेपाल-भारत सीमाबाट करिब दुई किलोमिटर टाढा भारतीय क्षेत्रमा पर्ने बगुलहवा खोलामा फेला परेको हो ।

जिल्ला प्रहरी कार्यालय कपिलवस्तुका प्रहरी नायब उपरीक्षक रिपेन्द्रकुमार सिंहका अनुसार भारतीय प्रहरीको समन्वयमा राखिएको र प्रहरीहरुको समन्वयमा सम्वन्धित ठाउँमा पठाउन लागिएको बताइएको छ ।

## दश दिनमा उपत्यकामा चार लाख सिलिण्डर वितरण

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौँ । नेपाल आयल निगमले पछिल्लो २८ दिनमा ५२ हजार ७३७ मेट्रिक टन एलपी ग्यास आयात भएको जनाएको छ । उक्त परिमाणको ग्यास ३७ लाख १३ हजार ८९४ सिलिण्डर बराबर हो ।

इण्डियन आयल कर्पोरेशन (आइओसी) का विभिन्न रिफाइनरी तथा बोटलिङ प्लान्टबाट यही सेप्टेम्बर १० तारिखसम्म थप १९ हजार २१८ मेट्रिकटन ग्यास लोडिङ भइसकेको निगमका सहप्रवक्ता शिशिर सुवेदीले जानकारी दिनुभयो । नेपालमा मासिक करिब ४७ हजार मेट्रिकटन ग्यास खपत हुँदै आएको छ । हाल पृथ्वी राजमार्गअन्तर्गत कृष्णभीरको पहिरोका कारण मुख्य सडक अवरुद्ध भएकाले वैकल्पिक व्यवस्थामार्फत तराईका उद्योगमा ग्यास रिफिल गरी काठमाडौँ उपत्यका तथा आसपासका जिल्लामा वितरण भइरहेको छ । यही भदौ १८ गतेदेखि २७ गतेसम्ममा वैकल्पिक मार्गहरु त्रिभुवन राजपथ तथा विपि राजमार्ग हुँदै ल्याइएका करिब तीन लाख ९९ हजार ५२९ वटा सिलिण्डर उपभोक्तालाई वितरण भइसकेको सहप्रवक्ता सुवेदीले जानकारी दिनुभयो । पछिल्लो १० दिनमा दैनिक औसत ४० हजार सिलिण्डर ग्यास उपत्यकामा बिक्री वितरण भइरहेको छ । अवरुद्ध राजमार्ग सञ्चालनमा नआएसम्म तराईका उद्योगमा ग्यास भरेर बैकल्पिक मार्गबाट काठमाडौँ ल्याएर बिक्री गरिने निगमले जनाएको छ ।

मुख्य राजमार्ग अवरुद्ध भएपछि निगमले यही भदौ १४ गतेदेखि काठमाडौँ, धादिङ र काभ्रेपलाञ्चोकस्थित उद्योगका सिलिण्डर बारा, पर्सा, मकवानपुर, चितवन, नवलपरासी, धनुषा र महोत्तरीमा रहेका उद्योगमा भरेर बैकल्पिक मार्गबाट काठमाडौँ ल्याउने व्यवस्था मिलाएको छ । बाटो सञ्चालनमा आएलगत्तै सोही रुटबाट एलपी ग्यासका बुलेटहरू नियमित रूपमा आउने छन् । काठमाडौँमा वितरण गर्ने उद्योगले आफ्नै उद्योगबाट ग्यास रिफिल गरी वजारमा पठाउन थालेपछि ग्यासको आपूर्ति सहज हुने विश्वास गरिएको छ । आपूर्ति व्यवस्थालाई थप प्रभावकारी बनाउन उच्चस्तरीय समन्वय टोली गठन गरिएको निगमले जनाएको छ । सरकारले ग्यास भरिएका सिलिण्डर लुकाउने वा कृत्रिम अभाव सिर्जना गर्नेहरु विरुद्धको कारबाहीलाई तीव्र बनाएको छ । अनुगमनका क्रममा लुकाएको पाइएका करिब एक हजार २०० थान सिलिण्डर उपभोक्तालाई वितरण गरिएको छ । अनियमितता गर्ने विक्रेतालाई जरिवाना गराइएको निगमले जनाएको छ । ग्यास सिलिण्डर बिक्री वितरणलाई पारदर्शी बनाउन अनलाइन ट्र्याकिङ प्रणाली विकास गर्ने पहल पनि भइरहेको छ ।

गत वर्षको तुलनामा चालु आवको पहिलो दुई महिनामा ग्यासको आयात र बिक्री बढेको छ । गतवर्ष साउन र भदौको तुलनामा चालु आवको सोही अवधिमा करिब १२ लाख बढी सिलिण्डरको बजारीकरण भएको छ । २०८२ साउनमा ३१ लाख २१ हजार ४८ सिलिण्डर ग्यास बिक्री भएकामा चालु आवको सोही अवधिमा ४० लाख ३६ हजार ३६४ ग्यास बिक्री भएको छ ।

यस्तै गत वर्ष भदौमा ३३ लाख ५५ हजार ९६० सिलिण्डर ग्यास बिक्री भएकामा चालु आवको भदौको २७ गतेसम्म ३७ लाख १३ हजार ८९४ सिलिण्डर ग्यास बजारमा पठाइएको निगमले जनाएको छ ।

सम्पादकीय ....

## बैकल्पिक मार्गमा ध्यान जानुपर्ने

धादिङको बेनीघाट रोराङ गाउँपालिका-७ कृष्णभीरमा भदौ १४ गते त्रिशूली नदीमा आएको बाढीले सडक कटान गरेपछि पृथ्वी राजमार्गको काठमाडौँ-मुग्लिन सडक पूर्णरुपमा अवरुद्ध छ। वैकल्पिक 'ट्र्याक' खुले पनि सञ्चालन र यातायात सहज बन्न अझै समय लाग्ने गरेको छ।

ललितपुर र मकवानपुरलाई जोड्ने यो सडकको प्रस्थान विन्दु ललितपुरको गोदावरी नगरपालिका-६ टीकाभैरव हो। टीकाभैरव पुग्न चक्रपथ ललितपुर खण्डको चापागाउँ दोबाटो र एकान्तकुनाबाट नक्खु करिडोर हुँदै दुईवटा सडक प्रयोग गर्न सकिन्छ। अहिले उपत्यकाबाट बाहिरिने सवारीसाधन एकान्तकुना हुँदै टीकाभैरव पुगेर कान्ति लोकपथबाट हेटौँडा जाने गरेका छन्।

ललितपुर जिल्ला गोदावरी नगरपालिका-६ टीकाभैरवदेखि मकवानपुरको भीमफेदी गाउँपालिकासम्म पुग्न विभिन्न ठाउँमा पहिरोको अवरोध सामना गर्नुपर्छ। हाल गोदावरी गाउँपालिकाको बिर्खेधारासँगै बागमती गाउँपालिकाका विभिन्न ठाउँमा पहिरोले सडक अवरुद्ध हुँदै आएको छ। भालुखोला, कार्कीबास, काल्चे, भन्सेखोलाको पहिरो र एकतर्फी ट्र्याकका कारण सवारी आवागमनमा समस्या छ।

"अहिले यस राजमार्गमा १२, १४ र १६ चक्के गाडी दैनिक दुई हजार ५०० देखि तीन हजार गुड्छन्। त्यसले रातभर पुरेको सडक दिनभरमा फेरि भत्किसकेको हुन्छ," बागमती गाउँपालिकाको तामाखानीमा चट्टान काट्न नसक्दा ६५ मिटर बाटोमा ठूलो समस्या छ। चट्टानको कटानको काम जारी रहेकाले यहाँ सवारीसाधनले थोरै बाटो पार गर्न धेरै समय कुर्नुपर्ने बाध्यता छ।

साँघुरो र निर्माणाधीन सडक भएकाले ठूला बस सञ्चालनमा समस्या रहिआएको कुरा सर्वत्र जानकारी भैरहेकै कुरा हो। "ट्रक र मालवाहक सवारीसाधन केही समय जाममा परे पनि समस्या छैन तर ठूला रात्रि बस ठोक्किने समस्या धेरै छ। नियमित पहिरो जाने क्षेत्रबाहेक बाटो राम्रो भए पनि एकतर्फी सडक भएकाले जाममा बस्नुपर्छ। रात्रि बसका कारण मालवाहक सवारी साधन समस्यामा पर्ने गरेका छन",।

सरकारले आपत् वा सङ्कटमा मात्र यो सडक सम्झिन्छ। पछिल्लो समय यो सडक योजनाका लागि एकमुष्ट रु तीन अर्ब रकम आएको छ। योजनाअनुसार काम ७० प्रतिशत सकिएको छ तर पछिल्लो समय गाडीको चाप बढेर काम गर्न समस्या छ,"। "भदौ १० गते भोटेकोशीमा बाढी आउनुअघि दैनिक एक सयको हाराहारीमा सवारीसाधन गुड्ने यो सडकमा बाढीपछि सवारी चाप ह्वात्तै बढेको छ।

सङ्कट पर्दा मात्र नभएर राज्यले यस्ता राजमार्गलाई सक्षम र उपयोगी बनाउनुपर्नेमा सरकारले ध्यान दिनुपर्छ। "राष्ट्रिय राजमार्गका रुपमा रहेको यस सडकलाई राज्यले सामान्य अवस्थामा पर्याप्त प्राथमिकता दिन सकेको खण्डमा आम सर्व साधारण नागरिले यसबाट प्रत्यक्ष फाइदा लिन सक्नेछन्। यसर्थ यस सडकलाई वैकल्पिक सडकका रुपमा खोल्नुपर्ने अवस्था आउँछ। सङ्कट पर्दा मात्र सम्झिने होइन, सङ्कट आउनु अगाडि नै यस्ता मार्गलाई सक्षम र सुरक्षित बनाउनु राज्यको दायित्व हो।"

## पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका "**प्रत्यूष राष्ट्रिय दैनिक** तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं। तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ। तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक

**नीलकण्ठ -३, धादिङबेसी,**
**फोन ०१०-५२१४३०,९८५११२०८५०**
Email : pratyushdainik@gmail.com

# सिंहदरबारबाट कक्षाकोठासम्मः समयसापेक्ष शिक्षा नीति आवश्यक

*सिबी अधिकारी*

नेपाल सरकारले 'विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप-२०७६' परिमार्जनका लागि अहिले देशभरबाट सुझाव तथा पृष्ठपोषण सङ्कलन गरिरहेको छ। पाठ्यक्रमलाई समयसापेक्ष, व्यावहारिक, जीवनोपयोगी र विद्यार्थीमैत्री बनाउने उद्देश्यले सुरु गरिएको यो प्रक्रिया केवल औपचारिक सुझाव सङ्कलनमा सीमित नरहेर विद्यालय तहको वास्तविक अवस्था बुझ्ने प्रयासका रूपमा अघि बढेको छ।

पाठ्यक्रम विकास केन्द्र अन्तर्गत गठित राष्ट्रिय पाठ्यक्रम प्रारूप परिमार्जन कार्यदलले सातै प्रदेशका २८ जिल्लामा पुगेर शिक्षक, विद्यार्थी, प्रधानाध्यापक, अभिभावक, शिक्षाविद्, नीति निर्माता, स्थानीय तह तथा अन्य सरोकार भएका निकायका प्रतिनिधिसँग प्रत्यक्ष संवाद गरिरहेको छ।

कार्यदलको सात वटा टोलीले भदौ ३० गतेसम्म स्थलगत क्षेत्रमा खटिएर सुझाव सङ्कलन गर्ने र त्यसपछि ७७ वटै शिक्षा विकास तथा समन्वय एकाइ तथा केन्द्रको वेबसाइटमार्फत पनि आवश्यक रायसुझाव लिने तयारी गरेको छ। राष्ट्रिय पाठ्यक्रम तथा मूल्याङ्कन परिषद्को ९८औँ बैठकको निर्णयअनुसार गत वैशाखमा प्राडा बालचन्द्र लुइँटेलको संयोजकत्वमा राष्ट्रिय पाठ्यक्रम प्रारूप परिमार्जन कार्यदल गठन गरिएको थियो। कार्यदलअन्तर्गत १२ वटा विषयगत समूह छन्। यसले अहिले भइरहेको प्रक्रिया आकस्मिक राजनीतिक कार्यक्रमभन्दा संस्थागत प्रक्रियाका रूपमा अगाडि बढाएको छ।

यस अभियानमा शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेल आफैँ विभिन्न जिल्लामा पुगेर सरोकार भएका निकायका प्रतिनिधिसँग प्रत्यक्ष संवाद गरिरहनुभएको छ। मधेस प्रदेशका धनुषा, महोत्तरी, सिराहा, सप्तरीलगायत जिल्लामा पुगेर उहाँले शिक्षक, विद्यार्थी, अभिभावक तथा स्थानीय सरोकार भएका निकायका प्रतिनिधिसँग छलफल गरी समस्या बुझ्ने र सुझाव सङ्कलन समेत निरन्तर रुपमा गरिरहनुभएको छ।

तर पाठ्यक्रम परिमार्जनको प्रश्न पाठ्यपुस्तकमा कुन विषय थप्ने वा हटाउने भन्नेमा मात्र सीमित छैन। आजको शिक्षा प्रणालीले शिक्षण विधि कस्तो बनाउने, विद्यार्थीलाई कसरी सक्रिय सिकाइमा जोड्ने, शिक्षकका समस्या कसरी समाधान गर्ने र विद्यालय शिक्षालाई प्रविधि तथा रोजगारीको बदलिँदो संसारसँग कसरी जोड्ने भन्ने प्रश्नको समेत जवाफ खोज्नुपर्छ।

कृत्रिम बुद्धिमत्ता (एआई)को तीव्र विकासले शिक्षाको परम्परागत ढाँचामाथि नै प्रश्न सिर्जना गरेको छ। विद्यार्थीले अब पाठ्यपुस्तकबाट सूचना मात्र प्राप्त गर्नुका साथै सूचना पहिचान गर्ने, विश्लेषण गर्ने, सिर्जनात्मक रूपमा प्रयोग गर्ने र प्रविधिको जिम्मेवार उपयोग गर्ने सीप पनि सिक्नुपर्ने आवश्यकता छ। उद्यमशीलता, व्यावसायिक सीप र रोजगार बजारको बदलिँदो स्वरूपसँग विद्यालय शिक्षालाई जोड्नु पनि चुनौती बनेको राष्ट्रिय पाठ्यक्रम प्रारूप परिमार्जन कार्यदलका संयोजक प्राडा लुइँटेलले बताउनुभयो। उहाँका अनुसार यी प्रश्नको जवाफ काठमाडौँका बैठक र प्रतिवेदनले मात्र दिन सक्दैनन्। त्यसका लागि कक्षाकोठामै पुग्नुपर्छ।

### सिराहाको घटनाले हालै उठाएको प्रश्न

पाठ्यक्रम परिमार्जनका लागि भइरहेको प्रत्यक्ष संवादका क्रममा सिराहाको औरही गाउँपालिकामा भएको एउटा घटनाले भने केही समय मूल विषयलाई ओझेलमा पारिदिएको शिक्षामन्त्रीका प्रमुख सल्लाहकार शैलेन्द्र झाले बताउनुभयो।

"अहिले सुझाव सङ्कलनका क्रममा विभिन्न सरोकारवालाले आफ्ना धारणा राखेपछि मन्त्रीले सम्बोधन सुरु गर्नुभएको थियो। त्यस क्रममा आफूहरूले पनि बोल्न पाउनुपर्ने मागसहित केहीबेर होहल्ला भएको दृश्य सार्वजनिक भयो। त्यसपछि मन्त्री कार्यक्रमबाट बाहिरिनुभएको सामाजिक सञ्जाल र सञ्चारमाध्यममा चर्चाको विषय बन्यो", उहाँले भन्नुभयो। कतिपयले घटनामा मन्त्रीलाई कार्यक्रमबाट 'लखेटिएको' अर्थमा प्रस्तुत गरे पनि वास्तविकता त्यस्तो नभएको उहाँको भनाइ छ।

मन्त्री पोखरेलले भने सामाजिक सञ्जालमार्फत घटनाको वास्तविकता फरक रहेको स्पष्ट पार्नुभयो।

उहाँका अनुसार कार्यक्रमको निर्धारित छलफल पूरा भएपछि टोली अर्को कार्यक्रममा अघि बढेको थियो। त्यसपछि सोही जिल्लामा फरक क्षमता भएका विद्यार्थी अध्ययन गर्ने आवासीय विद्यालय तथा मदरसामा पुगेर त्यहाँका समस्या र सुझाव सङ्कलन गरिएको उहाँको भनाइ छ।

यो घटनाले भने शिक्षा सुधारका कार्यक्रममा संवादको संस्कृतिबारे एउटा महत्वपूर्ण प्रश्न उठाएको छ। लोकतन्त्रमा मन्त्रीसँग प्रश्न गर्न पाइन्छ।

सरकारका नीतिमाथि असहमति जनाउन पाइन्छ। आफ्ना समस्या र धारणा राख्न माग गर्न पनि पाइन्छ।

तर अधिकारसँगै संवादको मर्यादा कायम गर्ने दायित्व पनि उत्तिकै महत्त्वपूर्ण हुने प्रमुख सल्लाहकार झाले बताउनुभयो।

शिक्षा सुधारजस्तो विषयमा त बहस झन् आवश्यक हुन्छ। पाठ्यक्रमको भार घटाउने कि नघटाउने ?, परीक्षा प्रणाली परिवर्तन गर्ने कि नगर्ने ?, प्राविधिक तथा व्यावसायिक शिक्षालाई विद्यालय तहदेखि कसरी जोड्ने ?, एआईलाई शिक्षामा अवसरका रूपमा कसरी प्रयोग गर्ने ?, शिक्षकको क्षमता कसरी बढाउने ?, ग्रामीण र सहरी विद्यालयबीचको गुणस्तरीय खाँडल कसरी कम गर्ने ? लगायत प्रश्नमा फरक मत आउनु स्वाभाविक रहेको प्राडा लुइँटेलले धारणा राख्नुभयो।

### मधेसका विद्यालय शिक्षामा आफ्नै चुनौती

हाम्रो देश नेपालको विद्यालय शिक्षाको चुनौती सबै ठाउँमा समान नभएको शिक्षामन्त्रीका प्रमुख सल्लाहकार झाले बताउनुभयो। हिमाली जिल्लाको विद्यालयले भोग्ने समस्या र मधेसको विद्यालयको समस्या फरक हुनसक्छ। सहरी क्षेत्रका विद्यार्थीले पाउने प्रविधिको पहुँच र दुर्गम क्षेत्रका विद्यार्थीको अवस्था एउटै छैन।

मधेस प्रदेशमा विद्यालय शिक्षाको गुणस्तर, विद्यार्थीको पहुँच, विद्यालय छाड्ने समस्या, पूर्वाधार, शिक्षक व्यवस्थापन तथा प्राविधिक शिक्षाको पहुँचजस्ता विषयमा विशेष ध्यान आवश्यक छ। त्यसैले त्यहाँ भइरहेको प्रत्यक्ष संवादको महत्व अझ बढी देखिएको उहाँले बताउनुभयो।

मन्त्री पोखरेलले मधेस प्रदेशमा त्रिभुवन विश्वविद्यालय अन्तर्गत इन्जिनियरिङ अध्ययन संस्थानको नयाँ क्याम्पस स्थापना गर्ने पहल अघि बढाइएको बताउनुभयो।

मधेसका विद्यार्थीलाई इन्जिनियरिङ अध्ययनका लागि काठमाडौँ वा अन्य प्रदेशमा जानुपर्ने बाध्यता कम गर्ने उद्देश्यले उपयुक्त स्थान छनोटका लागि अध्ययन समिति गठन गर्ने र आगामी तीन वर्षभित्र पठनपाठन सुरु गर्ने तयारी भइरहेको उहाँको भनाइ छ।

यस्तो पहल कार्यान्वयन भयो भने त्यसको महत्व एउटा नयाँ क्याम्पस थपिनुमा मात्र सीमित हुनेछैन। यसले उच्च शिक्षाको भौगोलिक पहुँच विस्तार गर्नुका साथै प्राविधिक जनशक्ति उत्पादन, स्थानीय अनुसन्धान र नवप्रवर्तनको वातावरण निर्माणमा योगदान पुर्याउन सक्छ।

### नीति सिंहदरबारमा, प्रभाव कक्षाकोठामा

नेपालको शिक्षा नीति निर्माणमा लामो समयदेखि एउटा समस्या देखिँदै आएको छ।

नीति निर्माणको केन्द्र र कार्यान्वयनको क्षेत्रबीचको दूरी रहनु मुख्य चुनौतीका रूपमा देखिएको राष्ट्रिय पाठ्यक्रम प्रारूप परिमार्जन कार्यदलका संयोजक प्राडा लुइँटेलले बताउनुभयो। सिंहदरबार मा नीति बन्यो, निर्देशिका बन्यो र कार्यान्वयनका लागि स्थानीय तह तथा विद्यालयमा पठाइयो। तर त्यो नीति कार्यान्वयन गर्ने शिक्षक, विद्यालय र विद्यार्थीले के भोगिरहेका छन् भन्ने कुरा नीति निर्माणको तहमा पर्याप्त रूपमा पुग्न सकेन भन्ने गुनासो बारम्बार सुनिँदै आएको छ। विद्यालय शिक्षा कागजमा मात्र चल्ने विषय होइन

काठमाडौँको एउटा बैठकमा बनाइएको पाठ्यक्रम सिराहाको एउटा विद्यालयमा पुग्दा त्यसको अर्थ बदलिने प्राडा लुइँटेलको भनाइ छ।

"एउटै देशभित्र भाषा, भूगोल, आर्थिक अवस्था, सामाजिक संरचना र अवसरमा ठूलो विविधता छ। त्यसैले, राष्ट्रिय पाठ्यक्रममा राष्ट्रिय चरित्र कायम राख्दै स्थानीय आवश्यकतालाई सम्बोधन गर्ने पर्याप्त लचकता आवश्यक छ", उहाँले भन्नुभयो।

यस अर्थमा स्थलगत क्षेत्रमा पुगेर सुझाव सङ्कलन गर्ने अहिलेको अभ्यास सकारात्मक सुरुवातका रूपमा रहेको संयोजक लुइँटेलले बताउनुभयो।

तर यसको वास्तविक परीक्षा सुझाव सङ्कलनमा होइन, सङ्कलित सुझावमध्ये कति कुरा अन्तिम पाठ्यक्रममा समेटिन्छन् भन्नेमा हुने उहाँको भनाइ छ।

"मन्त्री वा मन्त्रालयले कति जिल्ला भ्रमण गर्यो भन्नेभन्दा महत्वपूर्ण विषय ती भ्रमणबाट के सिकियो भन्ने हो। कति सुझाव सङ्कलन भयो भन्नेभन्दा महत्वपूर्ण कुरा ती सुझावले नीतिमा कस्तो परिवर्तन ल्याए भन्ने हो", उहाँले भन्नुभयो।

### परिणामले देखाउनेछ सुधारको दिशा

शिक्षा सुधार भाषणबाट होइन, परिणामबाट प्रमाणित हुनुपर्ने प्राडा लुइँटेलले जोड दिनुभयो। विद्यार्थीले विद्यालयमा सिकाइप्रति रुचि देखाउन थाले कि थालेनन् ?, शिक्षकलाई पढाउन सहज भयो कि भएन ?, अभिभावकले आफ्ना बालबालिकाको शिक्षामा परिवर्तन महसुस गरे कि गरेनन् ?, विद्यालयबाट निस्किएको विद्यार्थीले सिकेको ज्ञान र सीपलाई जीवन तथा रोजगारीमा प्रयोग गर्न सक्यो कि सकेन ? लगायत विषय महत्त्वपूर्ण हुने उहाँको भनाइ छ।

अन्ततः सरकार र शिक्षा मन्त्रालयको मूल्याङ्कन यिनै प्रश्नबाट हुनेछ। त्यसैले सिराहाको एउटा कार्यक्रमको घटनालाई राजनीतिक आरोपप्रत्यारोपको विषय बनाइरहनुभन्दा त्यसले उठाएको ठूलो प्रश्नतर्फ फर्किन आवश्यक छ। नेपालको शिक्षा नीति साँच्चिकै विद्यालय र विद्यार्थीको आवाज सुनेर बन्ने हो कि फेरि पनि सिंहदरबारमै बसेर तयार हुने हो ? भन्ने विषय महत्त्वूर्ण रहन्छ।

अहिले सुरु भएको सुझाव तथा पृष्ठपोषण सङ्कलनले पहिलो बाटो रोज्ने अवसर दिएको छ। तर यो अवसरलाई परिणाममा बदल्न सरकारको प्रतिबद्धता मात्र पर्याप्त हुँदैन। शिक्षक, विद्यार्थी, अभिभावक, स्थानीय सरकार, शिक्षाविद् र राजनीतिक दल सबैको रचनात्मक सहभागिता आवश्यक हुन्छ।

शिक्षामा परिवर्तन एक दिनमा आउँदैन। एउटा मन्त्रीको कार्यकालले मात्र पनि त्यसलाई पूरा गर्न सक्दैन। तर सही दिशामा सुरु गरिएको एउटा प्रक्रिया भने पुस्तौँसम्म प्रभाव पार्न सक्छ।

त्यसैले अहिलेको बहस कुनै व्यक्ति विशेषको पक्ष वा विपक्षमा होइन, हाम्रा विद्यालय कस्ता हुने, हाम्रा विद्यार्थीले के सिक्ने र आगामी पुस्तालाई कस्तो शिक्षा दिने भन्ने विषयमा केन्द्रित हुनुपर्छ।

## जानकी साहित्य पुरस्कार मिश्रलाई

गुल्मी । किरण पुस्तकालय गुल्मीले हरेक वर्ष प्रदान गर्दै आएको 'जानकी साहित्य पुरस्कार-२०८३' यस वर्ष कवि तथा निबन्धकार काशीनाथ मिश्रलाई प्रदान गरिएको छ ।

नेपाली कविता तथा हास्यव्यङ्ग्य निबन्धका क्षेत्रमा मिश्रले पुऱ्याउनुभएको योगदानको कदर गर्दै जानकी साहित्य पुरस्कार छनोट समितिको निर्णयअनुसार उहाँलाई उक्त पुरस्कार प्रदान गरिएको हो । पुस्तकालयद्वारा सदरमुकाम तम्घास मा आयोजित कार्यक्रममा लुम्बिनी प्रदेशसभा सदस्य डिल्लीराज भुसालको सहभागितामा आयोजित कार्यक्रममा मिश्रलाई उक्त पुरस्कार प्रदान गरिएको पुरस्कार छनोट समितिका संयोजक तथा किरण पुस्तकालयका उपाध्यक्ष दीन पन्थीले जानकारी दिनुभयो ।

रुरुक्षेत्र गाउँपालिकामा जन्मनु भएका कवि तथा निबन्धकार मिश्रका 'रक्सी' खण्डकाव्य, 'केही अभिव्यक्ति केही परिभाषा' विश्वराज पौड्यालसँगको सहलेखनमा प्रकाशित कृति, 'दुर्भाग्य' महाकाव्य, बोकाको मन' 'मिश्रित तरङ्ग' 'स्वर्णिम सपना' लगायतका विभिन्न कृतिहरु प्रकाशित भएका छन् । साहित्यमा रुचि राख्ने स्वर्गीय जानकी ज्ञवाली गौतमको सम्झना मा उहाँको परिवारले स्थापना गरेको उक्त पुरस्कार किरण पुस्तकालयको समन्वयमा गुल्मी जिल्लामा जन्मेर साहित्य सिर्जनामा लग्ने सर्जक हरुलाई प्रत्यक वर्ष प्रदान गरिँदै आएको छ ।

विसं २०७३ मा स्थापना गरिएको उक्त पुरस्कार यसअघि साहित्यकार सूर्यबहादुर सेन वली, भागीरथी श्रेष्ठ, रामप्रसाद पन्त, नारद गौतम, ररु ज्ञवाली, हरिप्रसाद भण्डारी, ठाकुरप्रसाद भण्डारी र टङ्क पन्थलाई प्रदान गरिसकिएको छ । साहित्यकार, समाजसेवी एवं महिला अधिकारकर्मीका क्षेत्रमा काम गर्दै आउनुभएकी ज्ञवालीको २०७३ मङ्सिर १२ गते निधन भएको थियो । जानकी ज्ञवाली गौतमले साहित्य तथा समाज सेवाका क्षेत्रमा पुऱ्याएको योगदानलाई स्मरणीय बनाउन उहाँका पति शङ्करप्रसाद गौतमको विशेष अग्रसरतामा जिल्लामा जानकी ज्ञवाली गौतम प्रतिष्ठान स्थापना गरिएको हो ।

प्रतिष्ठानका नाममा किरण पुस्तकालय गुल्मीमा दुई लाख एक हजार १५१ रुपैयाँको अक्षय कोष स्थापना गरिएको छ ।

सोही अक्षय कोषको व्याजबाट प्रत्येक वर्ष गुल्मी जन्मभूमि तथा कर्मभूमि बनाई इतिहास, कला र साहित्य क्षेत्रमा योगदान पुऱ्याउने सर्जकलाई प्रत्यक वर्ष जानकी साहित्य पुरस्कारद्वारा सम्मान गरिँदै आएको किरण पुस्तकालयका अध्यक्ष शशि पन्थीले जानकारी दिनुभयो ।

## नेपाल-चीन सम्बन्धलाई अझ उन्नत बनाउनुपर्नेमा पूर्वप्रम खनालको जोड

काठमाडौँ । पूर्वप्रधानमन्त्री झलनाथ खनालले नेपाल-चीन सम्बन्धलाई बहुआयामिक क्षेत्रमा विकास गर्नुपर्नेमा जोड दिनुभएको छ ।

'फाउण्डेसन फर पिस, डेभलपमेन्ट एण्ड सोसलिजम' द्वारा राजधानीमा आयोजित दुईदिने 'काष्ठमण्डप डाइलग' तेस्रो शृङ्खलाको आइतबार समापन गर्दै उहाँले तीव्र आर्थिक, वैज्ञानिक तथा प्राविधिक विकास गरिरहेको चीनबाट नेपालले लाभ लिनसक्नुपर्ने बताउनुभयो । नेपाली कम्युनिष्ट पार्टीका नेता खनालले दुई देशबीचको सम्बन्धलाई अझ समुन्नत बनाउँदै लैजानुपर्नेमा जोड दिनुभयो । नेपाल-चीन सम्बन्धका लागि बदलिँदो अन्तरराष्ट्रिय तथा क्षेत्रीय वातावरण', 'पार्टी निर्माण र सुशासनका अनुभव आदानप्रदान', 'व्यावहारिक सहयोगः भूराजनीति, व्यापार र कनेक्टिभिटी', 'जलवायु उत्थान-शीलता र सीमापार जोखिम घटाउने', 'नेपाल-चीन सांस्कृतिक तथा जनस्तरको सहयोग' र 'युवाको भूमिका : अर्को पुस्ताको मित्रता निर्माण' बारेमा विचार आदानप्रदान भएको थियो ।

## विपद्को पीडामा खल्लो बन्दै तीज

काठमाडौँ । सामान्यतया भदौ लागेसँगै नेपाली समाजमा तीजको रौनक छाउँथ्यो । घर,आँगनदेखि बजारसम्म रातो साडी, चुरा, पोते र गरगहनामा सजिएका महिलाको चहलपहल देखिन्थ्यो । तीजका गीत घन्किन्थे, दिदीबहिनी भेला भएर दर खान्थे, नाचगान गर्थे । कार्यालय, संस्था र समुदायमा तीज विशेष कार्यक्रम आयोजना हुन्थे । तर यसपटकको तीजको माहोल फरक छ ।

रसुवाको भोटेकोशीमा यही भदौ १० गते गएको बाढीले ठूलो मानवीय तथा भौतिक क्षति पुऱ्याएपछि त्यसको त्रास र पीडाले मुलुकका धेरै परिवारलाई रुवाएको छ । विशेषगरी रसुवा, नुवाकोट, धादिङ लगायतका बाढी प्रभावित क्षेत्रमा तीजको उल्लासभन्दा आफन्तको खोजी, विस्थापनको पीडा र भोलिको चिन्ताले ठाउँ लिएको छ ।

अन्य जिल्लाका नागरिक पनि बाढीमा परेकाले देशभर शोक छाएको छ ।

आइतबार तीज दर खाने दिन । विगतमा यही दिन दिदी-बहिनीहरू एकै ठाउँमा जम्मा भएर दर खाने, सुखदुःख साट्ने र तीजको गीतमा रमाउने गर्थे । यसपटक भने कतिपय परिवारका लागि दर खाने दिन पनि हराएका आफन्तको सम्झनामा बितिरहेको छ । नुवाकोटकी सुकुमाया तामाङको आँखामा तीजको रौनक होइन, हराइरहेका आफन्त भेटिने आशा छ । "कि सास, कि लास भए पनि भेटियो", भन्ने आशामा दिन बिताइरहेका परिवारका लागि चाडपर्वको खुसी कसरी सम्भव होस् ? यस्तै, पीडा नुवाकोट र धादिङका प्रभावित परिवारमा पनि छ । कतिपयका घर बगेका छन्, कतिपयका व्यवसाय र रोजगारीका आधार गुमेका छन् ।

## युवाशक्ति पलायनले श्रमशक्ति अभावको चुनौती बढ्दो

काठमाडौँ । जनसङ्ख्या क्षेत्रका विज्ञहरूले बढ्दो आन्तरिक तथा बाह्य बसाइँसराइका कारण युवाशक्ति पलायन हुँदा देशमा श्रमशक्तिको अभाव बढ्नुका साथै उत्पादनशील क्षेत्रमा अपेक्षित आर्थिक लाभ लिन चुनौती थपिएको बताएका छन् । नेपालको बदलिँदो जनसाङ्ख्यिक संरचनालाई उचित नीतिगत सम्बोधन गर्दै उपलब्ध जनसाङ्ख्यिक लाभको अधिकतम उपयोग गर्न सके देशको समृद्धि र समाजवाद निर्माणको आधार बलियो हुने उनीहरूको भनाइ छ ।

घट्दो जन्मदर, बढ्दो ज्येष्ठ नागरिकको सङ्ख्या, युवा जनसङ्ख्याको बाहुल्य तथा आश्रित जनसङ्ख्यामा आएको परिवर्तनलाई चुनौतीका रूपमा मात्र नभई अवसरका रूपमा उपयोग गर्नुपर्नेमा विज्ञहरूले जोड दिएका छन् । नीति अध्ययन तथा अनुसन्धान प्रतिष्ठान (इन्स्पायर) को बहस शृङ्खलाअन्तर्गत आज आयोजित कार्यक्रममा 'बसाइँसराइले नेपाली समाजमा ल्याएको संरचनागत परिवर्तन र यसले नेपालमा समाजवाद निर्माण मा पार्ने प्रभाव विश्लेषण' तथा 'नेपाली समाजवादी दृष्टिकोण मा बदलिँदो जनसाङ्ख्यिक संरचना' विषयक कार्यपत्र प्रस्तुत गर्दै विज्ञहरूले यस्तो धारणा व्यक्त गरेका हुन् ।

त्रिभुवन विश्वविद्यालय जनसङ्ख्या अध्ययन केन्द्रीय विभाग का सहप्राध्यापक पद्मप्रसाद खतिवडाले बसाइँसराइको बृहत्तर र बहुआयामिक सम्बन्धलाई बुझेर मात्र समाजवादको आगामी दृष्टिकोण निर्माण गर्न सहज हुने बताउनुभयो । समाजवादले रोजगारी, समानता, सामाजिक स्वामित्व तथा उत्पादनका साधनमा पहुँच सुनिश्चित गर्नुपर्ने उल्लेख गर्दै नेपालमा कृषि, उद्योग, शिक्षा, स्वास्थ्य र पूर्वाधारमा राज्यको भूमिका अझ प्रभावकारी हुनुपर्ने बताउनुभयो ।

"असमानता, भ्रष्टाचार, सिन्डिकेट, सार्वजनिक सेवाको व्यापारीकरण तथा वातावरणीय र राजनीतिक विषयलाई नीतिगत रूपमा सम्बोधन नगरेसम्म समाजवादको आधार निर्माण हुन सक्दैन", कार्यपत्रमा उल्लेख छ ।

खतिवडाले स्वेच्छिक तथा बाध्यकारी बसाइँसराइका कारण नेपालको जनसाङ्ख्यिक सन्तुलनमा असर परेको बताउनुभयो । रोजगारी, सुरक्षित आवास, प्राकृतिक प्रकोप तथा द्वन्द्वलगायत कारणले नेपालमा बसाइँसराइका प्रवृत्ति विकसित भएको उहाँको भनाइ छ ।

उहाँका अनुसार तत्कालीन माओवादीले सशस्त्र द्वन्द्व सुरु गर्दा विसं २०५२ मा वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिने नेपालीको सङ्ख्या तीन हजार २५९ रहेकामा द्वन्द्वको एक दशकमा यो सङ्ख्या बढेर एक लाख ६५ हजार १०३ पुगेको थियो । उहाँले विसं १८१६ को सुगौली सन्धिपछि औपचारिक रूपमा नेपालको वैदेशिक बसाइँसराइ सुरु भएको उल्लेख गर्दै वैदेशिक रोजगारीमा भारतको हिस्सा क्रमशः घट्दै गएको बताउनुभयो । उहाँका अनुसार विसं २०३८ सम्म वैदेशिक रोजगारीमा भारतको हिस्सा ९५ प्रतिशत रहेकामा २०७८ सम्म आइपुग्दा ३७.५ प्रतिशतमा झरेको छ । खाडी मुलुक तथा मलेसियातर्फ नेपाली श्रमिक आकर्षित हुनु यसको प्रमुख कारण रहेको उहाँले बताउनुभयो ।

देशभित्र कुल जनसङ्ख्याको करिब ३७ प्रतिशत मानिस आफू जन्मेको स्थानमा नरहेको तथ्य प्रस्तुत गर्दै उहाँले महिलाको बसाइँसराइ विवाहका कारण बढी देखिए पनि पुरुषहरू रोजगारी, अध्ययन तथा सहज जीवनयापनका लागि पहाडबाट तराई तथा सहरतर्फ जाने क्रम बढेको बताउनुभयो । "पहाड र हिमालबाट युवा जनशक्ति अन्यत्र पलायन हुँदा त्यहाँको उत्पादन सम्बन्धमा समेत उथलपुथल भएको छ, जसले समाजवादको लक्ष्य प्राप्तिमा अवरोध सिर्जना गरेको छ", उहाँले भन्नुभयो । खतिवडाका अनुसार बसाइँसराइले समाज, अर्थतन्त्र र विकास तथा स्थानीय समुदाय एवं आप्रवासी व्यक्ति र तिनका परिवार गरी मुख्यतः तीन तहमा प्रभाव पारिरहेको छ ।

जनसाङ्ख्यिक परिवर्तनलाई अवसरमा बदल्नुपर्ने

त्रिभुवन विश्वविद्यालय जनसङ्ख्या अध्ययन केन्द्रीय विभागका प्रमुख योगेन्द्रबहादुर गुरुङले 'नेपाली समाजवादी दृष्टिकोणमा बदलिँदो जनसाङ्ख्यिक संरचना' विषयक कार्यपत्र प्रस्तुत गर्नुभयो ।

उहाँले नेपालको बदलिँदो जनसाङ्ख्यिक संरचनालाई राज्यले नीतिगत रूपमा सम्बोधन गर्दै त्यसलाई समृद्धि र समाजवाद निर्माणको आधार बनाउनुपर्ने बताउनुभयो । जनसङ्ख्यालाई केवल सङ्ख्याका रूपमा नभई स्रोत, साधन र साध्यका रूपमा हेर्नुपर्ने उहाँको भनाइ छ ।

कार्यपत्रमा जनसङ्ख्याको आकारभन्दा समाज, भौगोलिक अवस्था र उत्पादन सम्बन्धले जनसङ्ख्याको उपयोगिता निर्धारण गर्ने उल्लेख गरिएको छ ।

सन् १९९४ सम्म विश्वमा जनसङ्ख्यालाई मुख्यतः सङ्ख्याका रूपमा हेर्ने गरिएकोमा कायरो सम्मेलनपछि मानिसका रूपमा हेर्न थालिएको कार्यपत्रमा उल्लेख छ ।

नेपालमा तीव्र भौतिक तथा सामाजिक विकाससँगै जनसाङ्ख्यिक सङ्क्रमण भइरहेको जनाउँदै कार्यपत्रमा प्रजनन दरमा गिरावट, मृत्युदरमा सुधार, युवा उमेर समूहको बाहुल्यता तथा आन्तरिक र अन्तर्राष्ट्रिय बसाइँसराइले जनसङ्ख्याको संरचनामा परिवर्तन ल्याएको उल्लेख गरिएको छ ।

नेपालमा वार्षिक जनसङ्ख्या वृद्धिदर एक प्रतिशतभन्दा कम हुनु, प्रजनन दर प्रतिस्थापन तहभन्दा तल झर्नु, आर्थिक रूपमा सक्रिय जनसङ्ख्या करिब ६५ प्रतिशत हुनु, ज्येष्ठ नागरिकको जनसङ्ख्या १० प्रतिशतभन्दा माथि पुग्नु तथा औसत आयु ७१ वर्ष पुग्नु महत्वपूर्ण जनसाङ्ख्यिक उपलब्धि भएको गुरुङले बताउनुभयो ।

"जनसङ्ख्याको यो सुनौलो अवसरलाई राज्यले समाजवादी बाटो फराकिलो बनाउने उपयुक्त अवसरका रूपमा ग्रहण गर्नुपर्छ", उहाँले भन्नुभयो ।

## जोखिमपूर्ण हिमतालका जलस्तर घटाउन गृहकार्य जारी

काठमाडौँ । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले जोखिमपूर्ण हिमतालका जलस्तर घटाउन सरकारले आवश्यक तयारी गरिरहेको बताउनुभएको छ ।

"जोखिममा रहेका हिमताल 'ब्लास्टिङ' गरेर जलसतह पास गर्नेगरी छलफल अघि बढेको छ । जोखिमपूर्ण हिमतालको पानी वैज्ञानिक हिसाबले कटाएर जोखिम कम गर्नुपर्छ, आवश्यक तयारी सकिएपछि निर्णय लिनेछौँ,' उहाँले भन्नुभयो ।

जोखिम घटाउने सम्बन्धमा विज्ञहरुसँग परामर्श लिइरहेको जानकारी दिँदै ऊर्जामन्त्रीले जोखिमको मात्रा हेरेर पानीको सतह घटाउने निर्णय लिइने बताउनुभयो । मन्त्री श्रेष्ठकाअनुसार ग्रीन क्लाइमेट फण्ड (जिसिएस) बाट प्राप्त सहयोग परिचालन गरेर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण र स्थानीय तहसँग मिलेर जोखिमपूर्ण हिमतालको पानीको सतह घटाउने कार्य यही वर्ष अगाडि बढाइनेछ ।

अन्तरराष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड) र राष्ट्र सङ्घीय विकास कार्यक्रम (युएनडिपी)को संयुक्त अध्ययन अनुसार नेपालमा २१ हिमताल जोखिमयुक्त छन् । कोशी र गण्डकी क्षेत्रमा चारवटा अतिउच्च जोखिम युक्त हिमताल छन् ।

## भक्तपुर पुग्यो गुठी संस्थानको टोली

काठमाडौँ । इन्द्रजात्राका लागि लिङ्गो बनाउन रुख काट्न हिँड्ने साइत गरी यो पर्वको प्रक्रिया आरम्भ भएको छ । भाद्रपद शुक्ल द्वितीयाका दिन नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले दिएको साइतमा वन यात्रा सुरु गरी लिङ्गोका लागि रुख काट्न वनमा जाने परम्परा रहेको छ । आइतबार बिहान ९:५३ को साइतमा वसन्तपुर दरबार क्षेत्रबाट साइत गरिएको गुठी संस्थानका मुख्य कानुन अधिकृत एवं प्रवक्ता जनक पोखरेलले जानकारी दिनुभयो । समितिले इन्द्रजात्राको लिङ्गो उठाउन रुख काट्न जानका लागि वन यात्रा गर्न दिएको साइतमा निस्केर भक्तपुरको चाँगुनारायण नगर पालिका-९ ताँथलीस्थित नाला सामुदायिक वनमा गइन्छ । इन्द्रजात्रा र बिस्केट जात्राका लागि यही सामुदायिक वनबाट सल्लाको रुख ल्याउने गरिएको संस्थानका कर्मचारी रमेश काफ्लेले बताउनु भयो । वनमा पुगेर तरबार र खड्ग एवं रुखको पनि पूजा गरी समितिले नै दिएको साइत रातिको ८:४७ बजे रुख काटिन्छ ।

## एक करोड ३८ लाख ठगी गर्ने पक्राउ

काठमाडौँ । सुनजस्तो पहेँलो धातु देखाई रु एक करोड ३९ लाख ३० हजार ठगी गरेको अभियोगमा ओखलढुङ्गाको सिद्धिचरण नगर पालिका-१ का अनिष थापालाई जिल्ला प्रहरी परिसरबाट परिचालन भएको टोलीले पक्राउ गरेको छ ।

टोखा नगरपालिका-९ मिलनटोलस्थित एक गेष्ट हाउस बाट निजलाई शनिबार पक्राउ गरिएको हो । करणी कसुरमा नक्खु कारागारमा सजाय भोगिरहेका अभियुक्त पोहोर भदौ २४ गते त्यहाँबाट भागेका कैदी हुन् ।

यसैबीच,स्रोत नखुलेको रु १३ लाख ७५ हजारसहित हुण्डी कारोबारमा संलग्न रहेको आरोपमा काभ्रेपलाञ्चोकको चौरीदेउराली गाउँपालिका-३ का युवराज घतानी पनि पक्राउ परेका छन् । स्कुटरमा केशरमहलतर्फ गइरहेका उनलाई शङ्का लागेर खानतलास गर्दा उक्त रकम फेला परेको प्रहरीले जनाएको छ ।

बाल अधिकारको संरक्षण गरौं

- बालबालिकाको अधिकारको सम्मान गरौं,
- बालश्रम, बालविवाह, बालहिंसा तथा सबै प्रकारका शोषणको अन्त्य गरौं,
- बालबालिकालाई गुणस्तरीय शिक्षा, स्वास्थ्य र पोषण सुनिश्चित गरौं,
- बालमैत्री, सुरक्षित र भेदभावरहित वातावरण निर्माण गरौं,
- बालबालिकाको विचार र सहभागितालाई उचित सम्मान गरौं,
- बालबालिकालाई अनलाइन तथा साइबर जोखिमबाट सुरक्षित राखौं,
- परिवार, विद्यालय र समुदाय मिलेर बाल अधिकारको संरक्षणमा सक्रिय बनौं,

समुन्नत राष्ट्र निर्माणका लागि बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं ।

नेपाल सरकार,
विज्ञापन बोर्ड

# बाढी प्रभावितको उद्धार, राहत र पुनःस्थापना प्रदेश सरकारको पहिलो प्राथमिकता ः मुख्यमन्त्री थापा

काठमाडौँ । बागमती प्रदेशका मुख्यमन्त्री किरण थापा मगरले भोटेकोशी बाढी प्रभावितको उद्धार, राहत र पुनःस्थापना प्रदेश सरकारको पहिलो प्राथमिकता रहेको बताउनुभएको छ ।

उज्वेकिस्तानको समर कान्दमा हुने ४६औं चेस ओलम्पियाड मा भाग लिन जाने खेलाडीलाई आइतबार बिदाइ गर्दै उहाँले विपद्का कारण प्रभावित नागरिकको उद्धार, राहत तथा पुनःस्थापनालाई प्रदेश सरकारले प्राथमिकतामा राखेकाले सबै पक्षको साथ र सहयोग आवश्यक रहेको बताउनु भयो । उहाँले बाढीका कारण प्रदेशका १५ पालिका प्रभावित भएको जानकारी दिनुभयो । बाढीबाट ४० भन्दा बढी पुल र झन्डै एक दर्जन जलविद्युत् केन्द्रमा क्षति पुगेको उहाँको भनाइ थियो । (हिजो) प्रभावित क्षेत्रमा एक सय बढी स्वास्थ्यकर्मी परिचालन गरी विभिन्न स्थानमा स्वास्थ्य शिविर सञ्चालन गरेको मुख्यमन्त्री थापामगर को भनाइ थियो । प्रभावित नागरिकका लागि अस्थायी आश्रय स्थल, खाद्यान्न तथा बसोबासको व्यवस्था मिलाइएको उहाँको भनाइ थियो । आवतजावत सहज बनाउन त्रिशूली, देवीघाट, स्याफ्रुबेँसी लगायत पाँच स्थानमा तुइनको व्यवस्था गरिएको उहाँले जानकारी दिनुभयो । मुख्यमन्त्री थापामगरले बाढीपहिरोमा परी ज्यान गुमाएका व्यक्तिका परिवार लाई तत्काल काजकिरिया खर्च बापत रु २५ हजार उपलब्ध गराउने निर्णय गरिएको उल्लेख गर्नुभयो । उहाँका अनुसार विपद् व्यवस्थापन कोषमार्फत रसुवा र नुवाकोटलाई रु एक-एक करोड तथा धादिङ र चितवनलाई रु ५०-५० लाख पठाइसकिएको छ । विपत्तिमा अभिभावक गुमाएका बालबालिका लाई कक्षा १२ सम्म आवासीय विद्यालयमा राखी निःशुल्क शिक्षा प्रदान गर्ने मन्त्रीपरिषद्बाट निर्णय भएको पनि उहाँले बताउनुभयो ।

काठमाडौँका विभिन्न गुम्बा तथा अस्थायी शिविरमा रहेका प्रभावित नागरिकका लागि निःशुल्क स्वास्थ्य उपचारको व्यवस्था मिलाइएको उहाँले बताउनुभयो ।

प्रतियोगितामा भाग लिन जान लागेका पाँच महिला खेलाडी कृतिसरा अधिकारी, पूजा भण्डारी, एन्जेल महर्जन, निहाना श्रेष्ठ, सिन्दिरा जोशी र पाँच पुरुष खेलाडी रूपेश जयसवाल, सुश्रुत दाहाल, पुरुषोत्तम सिलवाल, आशिष फुँयाल र राजन सुवेदीलाई बिदाइ गरिएको थियो ।

# कृष्णभीरमा नयाँ ट्याक परीक्षण सफल

धादिङ । पृथ्वी राजमार्ग अन्तर्गत कृष्णभीरमा पहिरो खसेर सडक पूर्णरूपमा अवरुद्ध भएपछि निर्माण गरिएको नयाँ सडक ट्याकको आइतबार सफल परीक्षण गरिएको छ ।

नागढुङ्गा-मुग्लिन सडक योजना (पश्चिम खण्ड) का सूचना अधिकारी इञ्जिनियर सचेन्द्र मिश्रका अनुसार नयाँ ट्याकको ग्रेडिङ सम्पन्न भएपछि पहिलो चरणमा खाली ग्यास बुलेट सञ्चालन गरेर परीक्षण गरिएको थियो ।

परीक्षण सफल भएपछि क्रमशः अन्य सवारी साधन सञ्चालन गराइएको उहाँले जानकारी दिनुभयो । उहाँले निरन्तर काम गरेर आइतबार नयाँ ट्याकबाट सवारीसाधन सञ्चालन गराउन सफल भएको बताउनुभयो । कार्यस्थलमा खटिनुभएका सहायक आवासीय इञ्जिनियर अशोक देवकोटाले सुरुमा खाली ग्यास बुलेट दुवैतर्फ पठाएर परीक्षण गरिएको र सफल भएपछि पालैपालो अन्य सवारीसाधन पास गराइएको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "सुरुमा खाली ग्यास बुलेट पठायौँ । त्यो परीक्षण सफल भएपछि क्रमशः पालैपालो दुवैतर्फ सवारीसाधन पास गराएका हौं ।" उहाँले नयाँ ट्याकबाट करिब ५० वटा सवारीसाधन सञ्चालन गराइसकिएको जानकारी दिनुभयो । उहाँका अनुसार आइतबार परीक्षणका लागि मात्रै नयाँ ट्याकबाट सवारीसाधन सञ्चालन गरिएको हो । निरन्तर भित्ता काटेर निर्माण गरिएको नयाँ ट्याकको ग्रेडिङ सम्पन्न भएपछि परीक्षण गरिएको उहाँले बताउनुभयो ।

इञ्जिनियर देवकोटाका अनुसार भोलिदेखि उक्त स्थानमा ग्राभेल बिछ्याउने काम सुरु गरिनेछ । त्यससँगै नाली निर्माण, पानी सोस्ने तथा तर्काउने व्यवस्था मिलाउने र सडकमाथि देखिएका चिरा पुर्ने काम पनि अघि बढाइनेछ । उहाँले थप्नुभयो, "थप समस्या नआएमा तीन दिनभित्र यी काम सकाएर नियमित रूपमा सवारी साधन सञ्चालन गर्ने लक्ष्य छ । " सूचना अधिकारी मिश्रका अनुसार नयाँ ट्याक करिब २५२ मिटर लामो छ । सडकको चौडाइ सात मिटर र नाली एक मिटर चौडा रहेको छ । पुरानो भासिएको सडक भएको स्थानबाट नयाँ ट्याक पाँचदेखि १० मिटरसम्मको उचाइमा छ । उहाँले भन्नुभयो, "अहिलेसम्म कामका क्रममा थप समस्या देखिएको छैन ।

मौसमले साथ दिएमा र थप समस्या केही नआएमा तीन-चार दिनभित्र आवश्यक काम सम्पन्न गरेर नियमित रूपमा सवारीसाधन सञ्चालन गर्ने योजना छ ।

# पशुपति क्षेत्रमा हरितालिकाको तयारी

काठमाडौँ । यस वर्षको हरितालिका तीजका अवसरमा पशुपतिनाथ को दर्शन गर्न आउने भक्तजनका लागि पशुपति क्षेत्रमा सबै तयारी अन्तिम चरणमा पुगेको पशुपति क्षेत्र विकास कोषले जनाएको छ ।

कोषले आइतबार आयोजना गरेको पत्रकार सम्मेलन मा मन्दिर प्रवेश गर्ने भक्तजनका लागि चार वटा दर्शन मार्गको व्यवस्था गरिएको जानकारी दिइयो । पहिलो लाम मित्रपार्क-उमाकुण्ड-दक्षिणामूर्ति-कैलाश बद्रीनरसिंहको भवन हुँदै वासुकीनाथको उत्तरतर्फको ढोकाबाट श्री पशुपतिनाथ मन्दिरको उत्तरतर्फको य्याम्पबाट आराध्यदेव भगवान्को दर्शन गराई पश्चिम ढोकाबाट बाहिर निस्कने प्रबन्ध मिलाइएको छ ।

दोस्रो लाम जयवागेश्वरी बाट देब्रेतर्फको मार्ग दक्षुटोल, पाचा गणेश, अन्नपूर्णभण्डार, महास्नानघर अघिको १ नं ढोकाअघि राखिएको आकासे पुलबाट भुवनेश्वरी, नासलचोक हुँदै शङ्कराचार्य मठअघिको आकासेपुल प्रहरी पहरा गणको सानो ढोकाबाट दुई लाइन पशुपतिको पश्चिमतर्फ रहेको काठको य्याम्पबाट दर्शन गराई पश्चिम ढोकाबाट बाहिर निस्कने प्रबन्ध मिलाइएको कोषका सञ्चालक परिषद् सदस्य एवं प्रचारप्रसार उपसमिति संयोजक सङ्गीता कुमारी रामले जानकारी दिनुभयो ।

यसैगरी, तेस्रो लाम सिनामङ्गल, एयरपोर्टतर्फबाट आउने दर्शनार्थी भक्तजनका लागि तिलगङ्गा पर्यटन काउन्टरसँगै रहेको ढोका, राममन्दिर, वाग्मती किनारा हुँदै आर्यघाटको पुलबाट ब्रह्मनाल, पूर्वढोकामा राखिएको य्याम्पबाट पूर्व मुहारको दर्शन गराई सोही ढोकाबाट फर्कने प्रबन्ध मिलाइएको उहाँले बताउनुभयो । पिङ्गलास्थानतर्फबाट पाल्नुहुने दर्शनार्थी भक्तजनका लागि पिङ्गलास्थानमा रहेको ढोका हुँदै चार शिवालय-पञ्चदेवल वृद्धाश्रम दक्षिणतर्फको ठूला ढोका अघि अस्थायी आकासे पुल हुँदै सानो ढोकाबाट चौंसट्ठी कोटीलिङ्गेश्वर हुँदै मन्दिरको दक्षिण मुहारको दर्शनपश्चात् उन्मत्त भैरव मन्दिरको पश्चिमतर्फबाट मूलभट्ट निवासअघिबाट फर्कने प्रबन्ध मिलाइएको छ ।

यसअनुसारको दर्शन व्यवस्था मिलाउँदा मन्दिर बाहिर पाँच वटा लाइन रहने छन् । मन्दिर परिसर प्रवेश गरिसकेपछि आठ वटा लाइनमा विभाजन हुने पनि कोषले जनाएको छ । एकपटकमा आठ जना भक्तजनले दर्शन गर्नसक्ने गरी मूल मन्दिर परिसरमा व्यवस्था मिलाइएको छ । सोमबार भाद्र शुक्ल तृतीयाका दिन पशुपति मन्दिर प्रवेश गरी बढीमा दुई घण्टामा भक्तजनले दर्शन गरेर फर्कीसक्ने गरी लामको व्यवस्था गरिनेछ । सामान्यतया आधा घण्टामा भक्तजनले दर्शन गरिसक्ने गरी स्वयंसेवकलगायत सुरक्षाकर्मी र कर्मचारीलाई परिचालन गरिनेछ । नेपाल प्रहरीसँगको समन्वयमा पशुपति क्षेत्रमा तीज पर्वलाई ध्यान दिँदै शनिबारदेखि नै सादा पोशाकका प्रहरी खटाइसकिएको छ । मेला अवधिभर चार हजार सुरक्षाकर्मी पशुपति क्षेत्रमा खटिने छन् । यसैगरी २४ वटा धार्मिक एवं सामाजिक संस्थाका ८५५ जना स्वयंसेवक खटाउन लागिएको कोष सञ्चालक परिषद् सदस्य एवं स्वयंसेवक उपसमिति संयोजक केदारमान भण्डारीले जानकारी दिनुभयो ।

शान्तिसुरक्षालाई ध्यानमा राखी मन्दिर आउँदा बहुमूल्य गरगहना नलगाई आउन कोषले भक्तजनमा आह्वान गरेको छ । पशुपति परिसरमा कम्तीमा पनि सात लाख दर्शनार्थी प्रवेश गर्ने प्रारम्भिक अनुमान गरिएको धेरै भक्तजनबीचमा विभिन्न उद्देश्यले आउने मानिससमेत हुने भएकाले बहुमूल्य सामग्री घरमै राखी दर्शनमा आउन अनुरोध गरिएको छ । साना बालबालिकालाई पनि मन्दिरमा नल्याउन पनि आह्वान गरिएको छ । पशुपतिमा दर्शन गर्न आउने भक्तजनको सवारी पार्किङका लागि गुह्येश्वरी पारि, सिफलचौर, तिलगङ्गाको खाली स्थान, कोषको कार्यालय परिसर र गौशालास्थित महानगरीय ट्राफिक प्रहरी प्रभागको कार्यालयमा व्यवस्था गरिएको छ । सरकारी नम्बर प्लेटका सवारीलाई कोष कार्यालय र सुरक्षा निकायलाई प्रहरी प्रभाग एवं अन्यत्रका स्थलमा बाँकी सवारी पार्किङ गर्ने प्रबन्ध गरिएको छ ।

जुत्ताचप्पल राख्ने व्यवस्था का लागि वरुणधारा, कैलाशडाँडा मुनि, कोषको कार्यालय, भुवनेश्वरी, वाग्मती पारि राममन्दिरको मुनि लगायत स्थान छुट्याइएको छ । नाचगान एवं भक्ति सङ्गीत प्रस्तुतिका लागि हंसमण्डप, वनकाली, गौशाला, जयवागेश्वरी, मित्रपार्क तोकिएको छ । सुरक्षाकर्मी र स्वयंसेवकको सहयोगमा पशुपति क्षेत्रमा पर्ने चक्रपथ सडक बन्द नगर्ने गरी व्यवस्थापन गर्न लागिएको पनि कोषले जनाएको छ । कोषले भदौ २९ गते बिहान ६:०० बजेअघि नै पशुपतिका नित्य दर्शनार्थीलाई दर्शन गरिसक्न पनि आह्वान गरेको छ । ६:०० बजेपछि महिला भक्तजनको लाम बढी हुने भएकाले पुरुष दर्शनार्थीलाई यस्तो आह्वान गरिएको हो । तीजका अवसरमा भदौ २९ गते बिहान ३:०० बजेदेखि नै पशुपतिनाथका चारैढोका खोलिनेछ । दर्शनार्थीका लागि चन्दन वितरणको व्यवस्था सानो सदावर्त सत्तल, तिलगङ्गा, उमाकुण्ड, जयवागेश्वरी र गौशालामा व्यवस्था गरिनेछ । हरितालिका पर्वका अवसरमा सोमबार पशुपतिनाथका साथै देशभरका शिवालयमा पूजा एवं दर्शन गर्न भक्तजनको लाम लाग्छ ।

# राप्ती र कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानबीच सहकार्य

दाङ । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान घोराही दाङ र जुम्ला स्थित कर्णाली स्वास्थ्य विज्ञानबीच स्वास्थ्य शिक्षा, सेवा र अनुसन्धान का क्षेत्रमा सहकार्य गर्न आइतबार सम्झौता भएको छ ।

राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपति प्रा डा अजयकुमार मिश्रकोतर्फबाट रजिष्ट्रार प्रा श्याम लम्साल र कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान का उपकुलपति प्रा डा सूर्यमान मेयान्वोले आइतबार (हिजो) सम्झौता मा हस्ताक्षर गर्नुभएको प्रतिष्ठानका सूचना अधिकारी निशानदाजु भट्टराईले जानकारी दिनुभयो । सूचना अधिकारी भट्टराईका अनुसार दुवै प्रतिष्ठान देशको दुर्गम र जटिल क्षेत्रमा स्थापना भएका सन्दर्भमा दुवैले एकआपसमा सहकार्य गरेर पिछडिएका क्षेत्रको स्वास्थ्य अवस्थालाई सुधार्दै विविध विषयमा संयुक्त रूपमा कार्य गर्ने सम्झौतामा उल्लेख छ ।

सम्झौतामा दुवै संस्थाले जलवायु परिवर्तनले स्वास्थ्य क्षेत्रमा पारेको असर र त्यसका समाधानका उपाय तथा हिमाली जडीबुटीको अध्ययन एवं देशभित्र उपलब्ध जडीबुटीबाट स्वदेशमै आधुनिक औषधि उत्पादन गर्न सकिने सम्भावनालगायत महत्वपूर्ण क्षेत्रमा संयुक्त अनुसन्धान गर्ने उल्लेख छ । वर्तमान समयमा जलवायु परिवर्तन र हिमाली जडीबुटी सम्बन्धित स्वास्थ्य अनुसन्धान राष्ट्रिय र अन्तरराष्ट्रिय रूपमा अत्यन्तै महत्वको विषय हो ।

दुवै संस्थाले दुर्गम क्षेत्रको स्वास्थ्यसम्बन्धी मुद्दामा संयुक्त अनुसन्धान सञ्चालन गरी स्वास्थ्य सेवा, स्वास्थ्य संरचना सुधार, जनशक्ति व्यवस्थापनमा निरन्तर सहकार्य गर्ने सम्झौतामा उल्लेख छ । दुवै संस्थाका प्राविधिक र प्रशासनिक जनशक्तिको एकअर्काको आवश्यकताअनुसार आदानप्रदान गरी सेवा प्रवाह, तालिम, शैक्षिक गतिविधि र अनुसन्धानका क्रियाकलाप सञ्चालन गर्न सहज बनाउने समेत प्रतिबद्धता उल्लेख गरिएको छ ।

सम्झौताले पिछडिएका क्षेत्रको स्वास्थ्य सेवालाई सुधार गर्ने नेपाल सरकारको नीति तथा कार्यक्रमलाई सफल पार्न एवं समान उद्देश्यका लागि उपलब्ध साधन स्रोतलाई एकीकृत गरी स्वास्थ्य सेवा, शिक्षा र अनुसन्धानसँग सम्बन्धित क्रियाकलाप सञ्चालन गर्न सहज हुने विश्वास लिएका दुवै प्रतिष्ठानका पदाधिकारीहरूले बताएका छन् ।

# विद्यालय भवन निर्माण गरिँदै

वीरगञ्ज । वसन्तपुरस्थित नेपाल राष्ट्रिय प्राथमिक विद्यालयमा नयाँ भवन निर्माण हुने भएको छ ।

ग्रामीण क्षेत्रका बाल बालिकालाई सुरक्षित, व्यवस्थित र गुणस्तरीय शैक्षिक वातावरण उपलब्ध गराउने उद्देश्यले पर्साको पोखरिया नगरपालिका-३ वसन्तपुर स्थित सो विद्यालयको नयाँ भवन निर्माणको निम्ति लायन्स क्लब्स इन्टरनेसनल डिस्ट्रिक्ट ३२५ एसले आर्थिक सहयोग गर्नेभएको छ ।

नयाँ भवन निर्माण भएपछि विद्यालयको भौतिक पूर्वाधारमा सुधार हुनुका साथै विद्यार्थीलाई अध्ययनका लागि थप सहज वातावरण बन्ने अपेक्षासहित लायन्स क्लबले रु ७६ लाख ५९ हजार सहयोग गर्ने निर्णय गरेको लायन्स क्लब अफ पोखरियाका अध्यक्ष नेजामुद्दीन समानीले बताउनुभयो ।

# अवैध रूपमा बालुवा उत्खनन तथा ओसारपसार बढ्दै

पर्सा । पर्सा जिल्लामा अवैध रूपमा बालुवा उत्खनन तथा ओसारपसार बढ्दै गएको छ । अवैध रूपमा बालुवा उत्खनन तथा ओसारपसार बढ्दै गएको सन्दर्भमा प्रहरीले पनि जिल्लामा हुने प्राकृतिक स्रोतको अवैध उत्खनन तथा ओसार पसार नियन्त्रणमा कडाइ गरेको छ । जिल्ला प्रहरी कार्यालय पर्साले आज अवैध रूपमा बालुवा उत्खनन तथा ओसारपसारमा संलग्न चार ट्याक्टर नियन्त्रणमा लिएको छ । प्रहरीले ना ४ त ६६८६, ना ४ त ६५३२, ना ५ त ५०५२ र म.प्र.०३-००१ त ८४६१ नम्बरका ट्याक्टरमा नियन्त्रणमा लिएको हो ।

# देश विकासमा योगदान गर्न आग्रह

ललितपुर । पूर्वराष्ट्रपति डा. रामवरण यादवले देश र समाजका लागि योगदान गर्ने व्यक्तिहरू नै वास्तविक रूपमा सफल र कर्मयोगी हुने बताउँदै उनीहरूलाई आगामी दिनमा पनि देशको विकासमा निरन्तर योगदान गर्न आग्रह गर्नुभएको छ । व्यावसायिक क्षेत्रमा उत्कृष्ट योगदान पुर्याउने व्यक्तित्व तथा संस्थालाई सम्मान गर्ने उद्देश्यले सिजन मिडियाको प्रस्तुतिमा आइतबार ललितपुरमा आयोजित 'एसियन प्रोफेसनल एचिभमेन्ट अवार्ड नेपाल २०२६' को ग्राण्ड अवार्ड समारोहमा उहाँले नेपालसहित विभिन्न एसियाली मुलुकका व्यक्तित्वलाई सम्मान गर्ने अवसर महत्वपूर्ण भएको बताउनु भयो । युवाको समर्पण र योगदानको सम्मान गर्दै युवासहित सबैलाई समाजसेवाका लागि प्रेरित गर्ने तथा नेपाल-बङ्गलादेशबीच जनस्तरको सम्बन्ध र सांस्कृतिक सहकार्य सुदृढ गर्ने मञ्चका रूपमा अवार्ड कार्यक्रम को प्रशंसा गर्नुभयो ।

प्रत्युष नेटवर्क प्रा.लि द्धारा प्रकाशित तथा मुद्रित
कार्यालय:नीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : रमेश अधिकारी, Email : pratyushdainik@gmail.com,Website:epratyush.com